म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ३२९ बुधबार २७ असार २०८० ने. सं. ११४३ दिल्लाथ्व 12 July 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नागस्वती खहरेमा स्ल्याब ढलान



हेटौंडा, २६ असार/बर्खा लाग्नसाथ यातायातनै अवरोध हुनेगरी उर्लिने हेटौंडा-७ नागस्वती खहरेका स्ल्याब ढलान सुरु गरिएको छ । हेटौंडा-७ नागस्वतीमा रहेको खहरेमा स्याल्याब ढलान कार्यको सोमबार उदघाटन भएको छ । हेटौंडाका उप-मेयर राजेश बानियाँले उक्त ढलान कार्यको उदघाटन गरको थिए । उदघाटन कार्यक्रममा वडाध्यक्ष दामोदर गौतम, वडासदस्यहरु सन्तुमाया पाखिन, राधिका विक, श्यामसुन्दर परियार र दिनेश थापामगरको सहित स्थानीय समाजसेबीको उपस्थिति रहेको थियो । हेटौंडा उपमहानगर र वडा कार्यालयको बिनियोजीत रकमको उक्त ढलान कार्य भएको जनाइएको छ । ढलान भएसंगै बर्खामा हुने अवरोध हट्ने स्थानीयले बताएका छन् ।

# बागमतीमा ४६ प्रतिशत रोपाइँ, सिँचाइका लागि आकाशकै भर

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/केही दिनदेखिको वर्षाका कारण बागमती प्रदेशमा हालसम्म ४६ प्रतिशत धान रोपाइँ कार्य सकिएको बागमती प्रदेशको कृषि विकास निर्देशनालय हेटौंडाले जनाएको छ ।

भौगौलिक विकटता र सिँचाइको अभाव रहेको बागमती प्रदेशमा धानखेतीका लागि आकाशको पानीका भरमा खेती गर्नु परेकाले धानखेतीमा समस्या रहेको बताइएको छ । साथै किसानलाई मलको पनि समस्या रहेको गुनासो आइरहेको छ । बागमती प्रदेशको १३ जिल्लामा कूल एक लाख २० हजार पाँच सय ६९ हेक्टर जमिनमा धानखेती हुँदै आएको छ । तर, अहिलेसम्म बागमती प्रदेशमा करिब एक लाख १३ हजार हेक्टर जमिनमा धानरोपाइँ सकिएको सो कार्यालयले जनाएको छ ।

पर्याप्त वर्षा नभएपछि प्रदेशभर धान रोपाइँ प्रभावित बनेको छ । कृषि विकास निर्देशनालय हेटौंडाको असार २२ गतेसम्मको तथ्यांक अनुसार धादिङमा सबैभन्दा कम र भक्तपुरमा धेरै धान रोपाइँ भएको छ । निर्देशनालयका अनुसार धादिङमा २३ र भक्तपुरमा ८५ प्रतिशत रोपाइँ भएको छ । धान रोपाइँको जिल्लागत तथ्यांक हेर्ने हो भने दोस्रोमा काठ्माडौं जिल्ला परेको छ ।

काठमाडौंमा ७५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । यस्तै चितवनमा ५०, मकवानपुरमा ३०, नुवाकोटमा ३८, रसुवामा ४६, ललितपुरमा ६९, काभ्रेपलाञ्चोकमा ६९, सिन्धुपाल्चोकमा ५२, रामेछापमा ३०, दोलखामा ५० र सिन्धुलीमा ३३ प्रतिशत रोपाइँ भएको बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव शरण पाण्डेले जानकारी दिए । अघिल्लो वर्षको यो



अवधिमा यी जिल्लामा ५० प्रतिशत भन्दा माथि रोपाइँ भएको थियो ।

सिँचाइ सुविधा नभएका ठाउँमा धान रोपाइँ हुन नसकेको निर्देशनालयले जनाएको छ । मनसुन बेलैमा सक्रिय नहुँदा यो वर्ष किसानलाई समयमै धान रोप्न समस्या भएको हो । सिँचाइ पुगेका स्थान र खोला आसपास क्षेत्रमा भने धान रोपिएको छ । आकाशकै पानीको भर पर्नुपर्ने ठाउँमा अझै रोपाइँ हुन सकेका छैन । बागमतीका केही जिल्लामा यो वर्ष चैत महिना तथा बाँकीमा असार लागेपछि रोपाइँ थालिएको थियो ।

बागमतीको ६० प्रतिशत जमिन आकाशे पानीको भरमा खेती गर्नुपर्ने बाध्यता छ । बागमती प्रदेश सरकारले सिँचाइका क्षेत्रमा ठूलो लगानी गरे पनि किसानले अझै पनि आकाशे पानीको भरमा पर्नुपर्ने बाध्यता छ । यसवर्ष सिँचाइका कारण रोपाइँमा ढिलाइ भएको भए पनि रासायनिक मल भने विगतका वर्षहरुमा जस्तो अभाव नरहेको सचिव पाण्डेको भनाइ छ ।

**कुन जिल्लामा कति हुन्छ धान रोपाइँ?**

कुल २४ हजार दुई सय ४७ हेक्टर क्षेत्रफलमा रोपाइँ हुने चितवनमा हालसम्म १२ हजार १ सय २४ हेक्टर रोपाइँ भएको निर्देशनालयको तथ्यांक छ । यस्तै मकवानपुरमा ९ हजार ४ सय ५० हेक्टरमध्ये दुई हजार ८ सय ३५ हेक्टरमा रोपाइँ भएको छ । नुवाकोटमा कुल ११ हजार ६ सय १२ हेक्टरमध्ये ४ हजार ४ सय १३, रसुवामा १ हजार ९३ हेक्टरमा ५ सय ३, ललितपुरमा ४ हजार २ सय ११ मध्ये २ हजार ९ सय ६, भक्तपुरमा ३ हजार ९ सय ७९ मध्ये ३ हजार ३ सय ८२ हेक्टर जमिनमा धान रोपाइँ भएको छ ।

काठ्माडौं जिल्लामा कुल ६ हजार १५ हेक्टर जमिनमा धान रोपाइँ हुँदै आएकोमा हालसम्म ४ हजार ५ सय ११ हेक्टर जमिनमा रोपाइँ सम्पन्न भइसकेको छ । यो वर्ष धानको बीउ राख्ने समयमा पनि पानी नगरेका कारण कतिपय किसानले धानको बीउ ढिला राखेका कारण पनि रोपाइँ गर्न ढिलाई भएको छ । साउनको अन्त्यसम्म पनि धान रोप्ने चलन रहेको छ । त्यसपछि भदौ लागेपछि किसानको ब्यस्तता कोदो रोप्नमा हुने गरेको छ ।

यस्तै काभ्रेपलाञ्चोक जिल्लामा ८ हजार ७ सय ८२ हेक्टर मध्ये ४ हजार ५ सय ६७, सिन्धुपाल्चोकमा ८ हजार ७ सय ८२ हेक्टरमध्ये ४ हजार ५ सय ६७, रामेछापमा ७ हजार ८ सय ५९ हेक्टर जमिनमा हाल २ हजार ३ सय ५८, दोलखामा २ हजार ८ सय १४ हेक्टर जमिनमध्ये हालसम्म १४ सय ७, सिन्धुलीमा ११ हजार ७ सय ७७ हेक्टर जमिनमध्ये ३ हजार ८ सय र धादिङमा ११ हजार ५ सय ७६ हेक्टरमा धान रोपाइँ हुँदै आएकोमा हालसम्म २ हजार ६ सय ६२ हेक्टरमा रोपाइँ सकिएको कृषि विकास निर्देशनालय हेटौंडाले जनाएको छ ।

## गोदामघर भाडामा चाहियो ?

मकवानपुर जिल्लामा पर्ने पुर्व-पश्चिम राजमार्ग अन्तर्गत हेटौंडाबाट १७ किलोमिटर पश्चिम नारायणगढ जाने बाटोमा अबस्थित मनहरी गाउँपालिका वडा नम्बर- ९ खरङ्गामा साढे २ बिगाह जग्गामा रहेको व्यवस्थित तथा सुबिधायुक्त ९७०० र ३१०० स्क्वायर फिटको दुईवटा गोदाम घर, बत्ति पानीको सुबिधा सहितको अफिस तथा क्वाटर भाडामा रहेको हुँदा बहुराष्ट्रिय तथा राष्ट्रिय उद्योग प्रतिष्ठान तथा व्यवसायीक प्रयोजनका लागि सम्पर्क राख्नुहुन अनुरोध गर्दछु ।

**सम्पर्क : ९८०२५३०३०३**

## Join IT Career in HCC

Admission Open

+2

Science

Management

→ Computer Science

→ Hotel Management

→ Business Studies

Law (English)



Bachelor Program

BSc. CSIT

BCA

BBS

(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेजमा B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि प**्रवेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

**हेटौंडा सिटी कलेज/जेनिथ**

सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

## सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

**प्रोफेशनल स्कील एण्ड ट्रेनिङ डिपार्टमेन्ट**




यही आउँदो शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीको लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरुको लागि कक्षाहरु सञ्चालन गरिँदैछ ।


**भर्ना र थप जानकारीको लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।**

सम्पर्कको लागि

**०५७-५२१२७२, ९८०१०६८६४१, ९८४८८२९२७७ (प्रिन्सिपल)**

Congratulations to all the students who have passed SEE! Your hard work and dedication have paid off.

**YOU CAN NOW MOVE ON TO THE NEXT STAGE OF YOUR ACADEMIC JOURNEY WITH HSM**



**ADMISSIONS OPEN FOR**

+2
- SCIENCE
- MANAGEMENT
- HOTEL MANAGEMENT
- BEAUTICIAN & HAIR DRESSER

For inquiry: 9855074222

ENROLL NOW

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np

DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

साझाकुरा

## हाम्रो कुरा

# जोखिममा सतर्कता अपनाऔं

मकवानपुर बाढीपहिरोको उच्चजोखिममा रहेको जिल्ला हो । मकवानपुरको १० स्थानीय तह सबै पहिरो र बाढीको जोखिममा छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार मनसुनका कारण हुने पहिरोको जोखिममा नेपालका ३२ जिल्ला र उच्चजोखिममा २२ जिल्ला रहेका छन् । जसमध्ये मकवानपुर पनि छ । बाढीको उच्चजोखिममा रहेका जिल्ला २३ वटा छन् । १० वर्षमा भएको क्षति, जनघनत्व, भौगोलिक अवस्थिति र भौतिक संरचनाका आधारमा जोखिम स्थिति मूल्यांकन गरिएको प्राधिकरणले जनाएको छ । काठमाडौं, भक्तपुर, ललितपुर, बुटवल, हेटौंडा, चितवन, तुलसीपुर, घोराही एवं वीरेन्द्रनगरको सहरी क्षेत्रलाई बाढीको दृष्टिबाट उच्चप्रकोपयुक्त क्षेत्र मानिएको प्राधिकरणले जानकारी दिएको छ । हेटौंडाको बीच भागबाट कर्रा खोला र एक छेउबट राप्ति बग्ने गरेको छ । हेटौंडाको ११, १२, १३, १४ १५, १६, १७, १८ र १९ नम्बर वडामा ठूला खहरे बग्ने गरेका छन् । जसकारण पनि हेटौंडा बाढीको उच्चजोखिममा परेको हो । कर्रा खोलाका कारण ५ नम्बर वडाको गर्दोइ र कर्रा डुबान हुने गरेका छन् । जल तथा मौसम विज्ञान विभागका अनुसार घनाबस्ती भएको क्षेत्रमा एक घण्टासम्म १० मिलिमिटर वर्षा हुँदा पनि बाढी र धनजन क्षतिको जोखिम बढी हुने गर्दछ ।

मकवानपुरको पूर्वी सीमाना बागमतीदेखि पश्चिमी सीमाना लोथरसम्मका चुरे क्षेत्रमा रहेका खहरे बढी जोखिम मानिन्छ । मकवानपुरमा सानाठूला गरी करिब सात सय खहरे छन् । अनुसन्धानकर्ताका अनुसार नेपालमा बाढीको घटना ५० वर्षमा ६ गुणाले बढेको छ । पहिरो र भेलबाढी प्राय: उही ठाउँमा दोहोरिने गरेको अनुसन्धानबाट देखिएको प्राधिकरणले जनाएको छ । २०७९ सालको मनसुनजन्य विपद्बाट मकवानपुरसहित सुर्खेत, प्यूठान, खोटाङ, बाजुरा, दार्चुला, नवलपुर र अछाम जिल्ला बढी प्रभावित भएका थिए । मकवानपुरको राक्सिराङ, कैलाश, इन्द्रसरोबर, भीमफेदी, बकैया र बागमती गाउँपालिका पहिरोको जोखिममा छन् । जसमध्ये राक्सिराङ र कैलाश गाउँपालिका पहिरोको उच्चजोखिममा छन् । हेटौंडा, मनहरी, बागमती गाउँपालिका बाढीको उच्चजोखिमयुक्त क्षेत्र हुन भने थाहा नगर पालिका, बकैया, भीमफेदी, इन्द्रसरोबर, मकवानपुरगढी, राक्सिराङ तथा कैलाश गाउँपालिका बाढी र पहिरो दुवैको जोखिम क्षेत्रको रुपमा रहेको छन् । पूर्वी क्षेत्रस्थित बागमतीको बागमती नदीसहित चौराखोला र दर्जन बढी चुरेबाट झर्ने खहरेखोलाको कारण यहाँ वर्षेनि सयौं हेक्टर जमिन कटान हुनुको साथै मानवीय क्षति हुने गरेको छ । पश्चिम मकवानपुरको मनहरी, राक्सिराङ तथा कैलाश गाउँपालिकामा रहेका मनहरी खोला, लोथर खोला तथा राप्ती खोलाले वर्षेनि ठुलो मात्रामा जमिन कटान गर्नुको साथै बस्तिमा खोला पस्ने समस्या रहेको छ । जिल्लाकै पहाडी क्षेत्रमा पहिरोको जोखिम छ । मकवानपुरगढीको आमभञ्याङ, सुकौरा, बुढीचौर क्षेत्रमा बाढी तथा पहिरोको उच्चजोखिम रहँदै आएको छ भने शिवम् सिमेन्टको खानीको अव्यवस्थित उत्खनन्को कारण यि क्षेत्रमा पहिरोको पनि उच्चजोखिम रहेको छ । राक्सिराङ गाउँपालिकामा पनि ऋद्धिसिद्धि सिमेन्टको खानी क्षेत्र सञ्चालन पछि गाउँ नै विस्थापित भइसकेको छ ।

हरेक वर्ष बाढी, पहिरो, डुबान चट्याङलगायत प्राकृतिक जोखिम वहन गरिरहेको मकवानपुरमा २०७८ सालमा स्थानीय तहले २ हजार १ सय ६५ भन्दा धेरै घर प्राकृतिक प्रकोपको अतिजोखिममा रहेका जनाएका थिए । जसमध्ये करिब १ हजार ३ सय घर तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेका थिए । तर, २०८० असारसम्म आइपुग्दा व्यवस्थित स्थानान्तरणको काम हुन सकेको छैन । दुर्गम राक्सिराङ गाउँपालिकाको महाभारत पर्वतश्रृंखलामा हाल धाजा फाटिएको छ । वडा नम्वर-४ मा पर्ने पहाड पनि चर्किँदै गएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाको ९ वटै वडा विपद्को जोखिममा भए पनि ९ नम्वर वडा सबैभन्दा बढीजोखिममा रहेको छ । २०७२ सालको भूकम्पपछि मकवानपुरमा बाढी तथा पहिरोका घटना बढी हुन थालेका छन् । भूभाग कमजोर हुँदा बाढी पहिरोका घटना बढी हुन गएको हो । जिल्लाका अधिकांश भाग विपद्को जोखिममा रहेको जानकारी भएपनि विपद्बाट बच्ने तथा उद्दारका लागि पूर्वतयारी भने पर्याप्त हुन सकेको छैन । भारी वर्षा तथा भूकम्पका कारण पुराना र निष्क्रिय भएका पहिरो पुन: सक्रिय हुन सक्छन्, नयाँ पहिरो समेत जान सक्छ । नेपालमा २०७२ को भूकम्पका कारण १४ जिल्लामा पहिरोका घटना बढेको पाइएको छ । त्यसैले जोखिमबाट बेलैमा सावधानी अपनाउनु बुद्धिमानी हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० असार २८ गते बिहीबार १३ जुलाई २०२३ । एकादशी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४३ ने.सं. । सूर्योदय ५:१८, सूर्यास्त ७:०० ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : दिन रमाइलो हुनेछ | तुला | : आफन्तले धोका दिन सक्नेछन् |
| वृष | : मन खिन्न हुनेछ | वृश्चिक | : मनमा उमङ्ग बढ्नेछ |
| मिथुन | : शरीरमा स्फुर्ती बढ्नेछ | धनु | : रमाइलो छोटो यात्रा हुनेछ |
| कर्कट | : घरायसी मेलमिलाप हुनेछ | मकर | : काम गर्ने आत्मबल बढ्नेछ |
| सिंह | : पढाइलेखाइमा सफलता मिल्नेछ | कुम्भ | : अरुको विश्वास जित्न सकिनेछ |
| कन्या | : घरेलु समस्याले सताउनेछ | मीन | : विवाद बढ्न सक्नेछ |

# नेपाली कांग्रेसको चेहरा, चाल र चरित्र



पुरञ्जन आचार्य

नेपाली कांग्रेसको विधानलाई तकिया बनाएर मस्तसँग निदाएका सभापति शेरबहादुर देउवा ठिक एक वर्षपछि कुम्भकर्ण निद्राबाट हल्का ब्युँझिएका छन् । तन्द्रैमा उनले कांग्रेस केन्द्रीय कार्य समितिको बैठक बोलाएका छन् असार २७ गतेबाट । कांग्रेस केन्द्रीय कार्य समितिमा छु भनी बिर्सिसकेकाहरू झसङ्ग भएका छन् आफ्नो पद सम्झेर ।

सभापति देउवाले बोलाएको केन्द्रीय समितिको बैठकको चर्चा परिचर्चा नेपाली समाजमा जति हुनुपर्ने हो, छैन । अन्यत्र देशहरूमा देशको सबैभन्दा ठूलो पार्टी बैठकलाई लिएर बुद्धिजीवी, संचार जगत, समर्थक र शुभेच्छुकहरूबाट बैठकलाई प्रभावित पार्ने सुझाव र सुधारका अनेकन् पक्षमा विचार-विमर्श हुने गर्छ ।

कांग्रेसको आन्तरिक जीवनमा हुने विचार-विमर्श र बैठकले देशमा केही पनि दिशानिर्देश गर्दैन भनी आम नागरिकमा सामूहिक चेतना निर्माण भएको छ । तसर्थ बैठकलाई लिएर कहींकतै स्पन्दन छैन । कांग्रेस बैठकलाई नागरिकले 'नोटिसमा' लिन छाडेका छन् । आम नागरिकको सामूहिक सचेत चेतनालाई बुझेर तदनुरूप सम्बोधन गर्न सक्ने नैतिक र राजनीतिक पूँजी कांग्रेस केन्द्रीय कार्य समितिबाट अलप भएकोले पार्टीमा यो अवस्था आएको सहजै अनुमान गर्न सकिन्छ ।

भारतका समाजवादीहरूको स्थिति झण्डै वर्तमान नेपाली कांग्रेसको अवस्थामा पुगेको बखत समाजवादी आन्दोलनका प्रखर बौद्धिक नेता डा. राममनोहर लोहियाले भने, 'निराशामा पनि केही कर्तव्य हुन्छ ।' उनले सामूहिक चेतनाको लागि भारतवासीलाई आह्वान गरेका थिए । यसरी व्यक्तिगत तवरबाट भारतको समाजवादी आन्दोलनको अवसानलाई बिर्सेर आफ्नो कर्तव्य पूरा गरेका थिए लोहियाले ।

विश्व इतिहासमा कहाँ, कैले, कसरी कुन पार्टीको उत्थान र पतन भयो भन्ने सरोकारबाट यो लेख अगाडि बढाउन म चाहन्नँ । पार्टी राजनीतिका जानकारहरूले कांग्रेस अब 'कोमिन्ताङ पार्टी' हुन्छ भन्न थालेको पनि धेरै भएकोले त्यो विषय पनि बासी भइसक्यो । कांग्रेस न निकट भविष्यमा कोमिन्ताङ हुन्छ, न दश वर्षदेखि एकछत्र राज गरेको छिमेकी देश भारतको भारतीय जनता पार्टी (भाजपा) जस्तो नै हुने कुनै लक्षण छ । तर पनि राजनीतिक शिक्षा नेपाली कांग्रेसले भारतको राजनीतिक पार्टीहरूबाटै लिन सक्दा व्यावहारिक हुने देखिन्छ । अब शिक्षा पतन भइरहेको भारतीय राष्ट्रिय कांग्रेसबाट लिने कि भाजपाबाट भन्ने प्रश्न छ ।

कांग्रेस रूपान्तरणको खाँचो औंल्याउँदै केन्द्रीय कार्य समितिको बैठकपूर्व पार्टीका केही युवा र पाका नेताहरू राजनीतिक अभियान नै प्रारम्भ गरेर सातै प्रदेशमा पुगेका छन् । महामन्त्रीद्वयका अभिव्यक्तिहरूबाट पनि पार्टी यथास्थितिमा चलन नसक्ने निष्कर्षमा पुगेको भान हुन्छ ।

अब प्रश्न उठ्छ, पार्टी नयाँ बनाउने वा रूपान्तरण गर्ने अभियानको बाटो के हो ? सरकारमा जाने बाटो हो कि जनतामा जाने बाटो हो कि वा आफैंभित्र पहिले रूपान्तरण गर्न लाग्ने हो ? प्रधानमन्त्रीको पदमा बसेर देश रूपान्तरणको लागि गर्न सक्ने अनेकन् अवसर हुन्छन् । यो सजिलो र 'ग्ल्यामरस' बाटो हो । तर हेक्का राख्नुपर्छ कुन टिमले सत्तामा बसेर रूपान्तरण गर्ने ? कसको अनुहारमा विश्वास गर्ने नेपाली जनताले ? बीपी कोइरालाले पाँच दशक अगाडि जनमत संग्रहमा बहुदलले हारेपछि लामो सुस्केरा लिएर प्रश्न गर्नुभएको थियो, 'हामीले जितेको भए पनि देश चलाउने समूह हामीसँग खोइ ?'

कांग्रेसका युवा र रूपान्तरणकारीहरूले वर्तमान सभापतिको चेहरा र चरित्रको बारे अनेकन् खोट देखाउन सक्छन्, खोट छ पनि । देउवासँग राजनीतिक इच्छाशक्ति मात्र नभएको होइन देश चलाउने नैतिक शक्ति पनि समाप्त भएको छ । तर फरक को छ, फरक कहाँ छ त ? कांग्रेसमा घोत्लिनुपर्ने हुन्छ ।

देउवाको विकल्प खोज्नेहरूले एकपटक कांग्रेस संगठन र आफूभित्र कुन राजनीतिक सांस्कृतिक भावधारा बगिरहेको छ भनी आत्मचिन्तन गर्ने कि आत्ममुग्धतामा बस्ने ? नवसामन्तवादी सोच र व्यवहार कांग्रेसका अधिकांश युवा नेताहरूमा त्यत्ति नै छ जति अझै पनि राजधानीमा चारैतिर ठूल्ठूला पर्खालभित्र बसेका राणा, शाह र सामन्तहरूको परिवारमा विद्यमान छ ।

कांग्रेस पार्टीको आन्तरिक जीवनमा हलचल, छट्पटी र परिवर्तनको हुटहुटी सतहमा देखिन्छ । युवा नेताहरूमा मात्र होइन जिल्ला र गाउँको नेतृत्वपंक्तिमा पनि कांग्रेसको विकल्प घण्टी आयो भनी तनाव मात्र छैन रुवावासी नै छ । तर पनि तिनै युवाहरूबाट गम्भीर चिन्तन, मन्थन र भविष्यको मार्गबारे अत्यन्तै सतही र कन्फ्युज विचारहरू नि:सृत भइरहँदा प्रश्न उठ्छ- के देश, समाज र पार्टी यसरी रूपान्तरण हुन्छ ? के नयाँ कांग्रेस यसरी बन्छ ? केही उदाहरण राखौं ।

भाजपाले केही वर्षअघि गान्धी नेहरू परिवारबाट पार्टी युवा महामन्त्रीमा बरुण गान्धीलाई अगाडि ल्यायो । उनले तीनपटक संसदको चुनाव जिते । अहिले पनि संसदमै छन् । तर महामन्त्री भएपछि उनको धुन उत्तरप्रदेशको मुख्यमन्त्री बन्नमा तल्लीन रह्यो । उनी चौबिसै घण्टा त्यही तिकडममा लागे । तर मुख्यमन्त्री सम्भव भएन । अहिले पार्टीले उनलाई टिकट पनि नदिने सोच बनाएको छ । उनी राजनीतिमा सबै गुमाउँदैछन् ।

तीन दशक अगाडि भाजपाको केन्द्रीय महामन्त्रीमा थिए- के. एन. गोविन्दाचार्य । यी राष्ट्रिय स्वाभिमान आन्दोलनका संस्थापक पनि थिए । उनमा भारतीय जनता पार्टीलाई एकनम्बरको पार्टी बनाउने हुटहुटी थियो । प्रधानमन्त्री हुने लोभ र लालसाबाट यी कोसौं टाढा थिए । उनले भने, 'मेरो पार्टी १५ वर्षपछि मात्र भारतको एकनम्बर पार्टी हुनेछ ।' त्यसको लागि उनले पार्टीको 'चेहरा, चरित्र र चाल' परिवर्तन गर्ने प्रस्ताव अगाडि सारे । सम्पूर्ण पार्टी गतिविधि तलदेखि माथिसम्म यही मन्त्रको आसपास सञ्चालन गर्ने अभियान सुरु भयो ।

१५ वर्षमा गोविन्दाचार्यले भने जस्तो पार्टी बहुमतमा पुगेन, तर सत्ताको नेतृत्वमा पुग्यो । उनले निर्माण गरेको जगबाट लाखौं आकर्षक चेहरा, सफा चरित्र र समयसापेक्ष चाल भएका कार्यकर्ताहरू निर्माण भए । पुराना नेता र कार्यकर्ताको चाल परिवर्तन भयो र ती सम्पूर्ण ऊर्जा खर्चेर पार्टी संगठनमा सक्रिय भए । नसक्ने पार्टी छोडेर गए । २५ वर्षमा भारतीय जनता पार्टी संसारकै सबैभन्दा ठूलो संगठित राजनीतिक दल बन्यो । यो पार्टीले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतमा एकछत्र राज्य गरेको १० वर्ष भयो ।

गोविन्दाचार्य अहिले पनि सक्रिय छन्, तर सत्ताको आसपास कहीं देखिंदैनन् । उनले आफ्नो भूमिका निभाए र हिंडे । उनी भन्थे, 'जनता, पार्टी र राष्ट्रको भक्त भएपछि नेताको भक्त हुनुपर्दैन ।' नेपाली कांग्रेसमा त हिजोआज नेताभक्त होइन, नेताको दास नै बनाउने परिपाटी छ । जतिखेर भारतीय जनता पार्टीलाई आमूल परिवर्तन गर्न भनी गोविन्दाचार्यले कम्मर कसे, त्यतिखेर धेरै कमले मात्र वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदी र गृहमन्त्री अमित शाहको नाम सुनेका थिए । दिल्लीमा गजक्क परेर पार्टी कब्जा गरेर बसेका बुढा र अल्छी नेताहरू यही प्रकरणमा फालिए ।

भाजपामाथि वैचारिक तहबाट हावी 'संघ परिवार' भनिने राष्ट्रिय स्वयंसेवक संघलाई व्यापक परिचालन गरियो । त्यही संघ परिवारबाटै गोविन्दाचार्य प्रचारक थिए । संघका प्रचारक सरल, त्यागी र समर्पित मात्र होइन बेदाग हुन्थे । उनीसँग ग्रासरुटमा संगठन गरेको अनुभव थियो । उनले चेहरा भन्दा पनि चरित्रमा जोड दिए । कैयन् आकर्षक चेहराहरूको चारित्रिक अवगुणलाई केलाएर तिनले पार्टीमा प्रवेश निषेध गराउन सफल भए । भारतीय जनता पार्टी र यसका नेता अन्य दलभन्दा फरक देखिन थाले ।

कांग्रेसका केन्द्रीय नेताहरूमा पार्टीको ग्रासरुटमा संगठन गरेर नेता बनेका कोही छैनन् । विद्यार्थी राजनीतिबाट नेतृत्वमा पुगेकाहरू अहिले सर्वत्र असफल देखिनुको कारण नै यही हो । देउवादेखि एनपी साउदसम्मको ट्र्याक हेरौं, किन यिनले देशलाई सही नेतृत्व दिन सकेनन् ?

तसर्थ, चुनौती गुरु घिमिरेलाई मात्र छैन, फरक हुनुपर्ने र संगठन र नागरिकले स्वीकार्नुपर्ने चुनौती महामन्त्रीद्वय विश्वप्रकाश र गगनलाई पनि छ ।

भारतीय राजनीतिमा असल चरित्रको परिभाषा गोविन्दाचार्यले गरे । तसर्थ चरित्रलाई जनताको चेहरा बनाउन भाजपा सफल भयो । चरित्र र चेहरालाई 'रि-ब्राण्डिङ' गरेर करोडौं भारतीयसमक्ष प्रस्तुत गर्दा नयाँ बीजेपी पार्टीको मात्र उदय भएन, नयाँ र शक्तिशाली भारतको पनि उदय भयो । भारत स्वतन्त्र भएदेखि एकछत्र राज गर्न सफल भारतीय राष्ट्रिय कंग्रेसको अवस्था संसदमा न्यूनतम १० प्रतिशत सिट पनि ल्याउन नसक्ने गरी खस्कियो ।

भारतीय प्रधानमन्त्री मोदीको ठूलो परिवार गुजरातबाट निस्केर दिल्ली आएन । मोदी प्रम भएकै कारण उनका परिवारले कुनै राजनीतिक र आर्थिक फाइदा लिन असम्भव भयो । अहिले पनि उनका भाइ भतिजाहरू कोही साइकल पञ्चर बनाउँछन्, कोही कवाडी उठाउँछन् त कोही सामान्य शिक्षकको जीवन बिताउँछन् । यसबाट जनताको नजरमा मोदीको चेहरा साफ छ । उनी परिवारवादको मायाजालबाट मुक्त भएर भाषणमा सधैं भन्न सक्छन्, 'म १ अर्ब ४० करोड भारतीयको अभिभावक हुँ ।' दश वर्ष झण्डै निरन्तर शासन गर्दा पनि उनको चरित्र बेदाग छ, उनी पार्टीको भोट बटुल्ने मेसिन भएका छन् ।

माथिको मोदी सन्दर्भलाई जोडेर नेपालमा घटेका भुटानी शरणार्थी, ललितानिवास प्रकरण र संसदमा समानुपातिकबाट प्रवेश गरेका नाता सम्बन्धले पाएको प्राथमिकता हेरौं । लज्जाबोध हुँदैन ? त्यहाँ राष्ट्रिय रूपमा भ्रष्टाचारको नेटवर्क भेटिन्छ, संसदमा परिवारै भेटिन्छन् । सरकार सञ्चालनमा सन्तान समेतलाई भ्रष्टाचारको प्रशिक्षण सिकाइरहेको पाइन्छ ।

यही कारण हो- नेपालको राष्ट्रिय चरित्र नेताहरूकै कारण 'भ्रष्ट' छ र यसलाई केन्द्रमा राखेर २७ गतेबाट सुरु हुने केन्द्रीय कार्य समितिले बहसको मूल मुद्दा बनाउनुपर्छ । पार्टीको आन्तरिक जीवनमा देखिएको विलासितायुक्त जीवनशैलीको निष्पक्ष र स्वतन्त्र निकायबाट अनुसन्धान गर्ने आयोग गठन गर्नुपर्छ ।

भारतीय युवाहरूले पैसा र पद विदेशमा पाए पनि आफ्नै देश नबनाई आत्मसम्मान र स्वाभिमानी व्यक्ति हुन सम्भव छैन भनी बुझे । चीनमा पनि तीन दशक अगाडि त्यही भएको थियो । युवाहरू हतास, निराश र कहिल्यै यो भारत देश समृद्धिको यात्रामा अगाडि बढ्दैन भन्ने सोच बदल्दैछन् । राजनीति सुएिमा नेपाललाई पनि त्यो अवस्थामा ल्याउन सकिन्छ ।

प्रविधिसँग पार्टीको सांगठनिक ढाँचा जोडिएपछि भाजपाको चाल नै फरक भयो । संगठन भित्र संवाद, सम्पर्क र निर्णय प्रक्रिया फटाफट हुनथाल्यो । देशभरि मात्र होइन, विदेशमा पनि एउटै आवाज गुञ्जियो । स्थानीय र प्रदेशमा भएको सरकारको कामकारबाहीको पार्टीले अनुगमन मात्र गरेन, त्यही आधारमा कार्यकर्ताको राजनीतिमा मूल्यांकनको परिपाटी सुरु भयो । स्थानीयस्तरमा नेतृत्व विकासको क्रम 'मेरिट' बाट अगाडि बढ्न थाल्यो ।

भर्खरै सम्पन्न अमेरिका भ्रमणमा मोदीले पाएको उचाइ नयाँ भारत र नयाँ पार्टीको उदयको कारण सम्भव भएको भनी विश्वले बुझ्यो । नेपालका प्रम पुष्पकमल दाहालले भारतीय प्रम मोदीसँगको भेटघाटलाई ऐतिहासिक र गौरवशाली भनी रमाइरहेको बेला एक जना भारतीय व्यापारीले आफूलाई प्रधानमन्त्री बनाउन दिल्ली गएको भनी सार्वजनिक अभिव्यक्ति दिएर संविधान, सार्वभौमसत्ता र आम नागरिककै हुर्मत लिने गरी भाषण ठोके । अन्तत: संसदको रोष्ट्रममा उभिएर अपराधी झैं आत्मालोचना गर्नुपर्ने अवस्थामा उनी पुगे । झुकेको काँध, खुम्चेको छाती, गुमेको शान र गुलाम दिमागले नेपालमा नेतृत्व दिन सक्तैन । अहिलेको गठबन्धनका नेताहरूमा यस्ता चारित्रिक विशेषता बग्रेल्ती भेटिन्छन् ।

उच्च आदर्श, नैतिक शक्ति, भारतीय हुनुको गौरव र सत्तासँगको निस्पृहताले आज नरेन्द्र मोदी मात्र होइन यो पार्टीको एउटा ठूलो नेतृत्वपंक्ति स्थानीय तहदेखि जिल्ला, राज्य हुँदै केन्द्रसम्म निर्माण भएको छ । कांग्रेसमा भने राजनीतिक नेतृत्वको अकाल छ, खडेरी छ ।

विगत दश वर्षको भाजपाको स्वर्णिम कालमा पछिल्लो दुई वर्षमा केही ग्रहण लाग्न थालेको छ । यो ग्रहण किन र कहाँबाट सुरु भयो भनी नेपाली कांग्रेसले पार्टी बैठकमा जान्न जरूरी छ ।

तीन वर्ष अगाडि जगतप्रकाश नड्डा भाजपा पार्टी अध्यक्ष भए । पार्टी बैठकहरू नड्डाको निवासमा हुनथाल्यो । पार्टीका अन्य नेताले पनि अध्यक्षको नक्कल गर्न थाले । नेताको घर धाउने चाकरीबाजले गर्दा नेतालाई चाकरी मन पर्न थाल्यो । पार्टीबाट चाकरीबाजहरू पुरस्कृत हुनथाले । अध्यक्ष चाटुकारबाट घेरिएर त्यसैलाई अन्तिम सत्य ठान्न थाले । पार्टी नेता र सच्चा कार्यकर्ता बीच चाटुकार आए ।

भाजपाले भर्खरै विधानसभाको दुई महत्वपूर्ण राज्यमा चुनाव हार्‍यो । अध्यक्ष नड्डाको राज्य हिमाञ्चलमै पार्टी हार्‍यो । पार्टीको शृंखलाबद्ध आकस्मिक बैठकहरू बसे, बसिरहेकै छन् । पार्टीमा आमूल परिवर्तनको प्रक्रिया सुरु भयो । अध्यक्षले हारको उचित जवाफ दिन नसकेर पदीय जिम्मेवारीबाट मुक्त गरिने चर्चा यतिखेर छ । तुरुन्तै भाजपा कार्य समिति एक्सनमा आयो । नेपाली कांग्रेसमा समीक्षा बैठक बस्नै वर्ष दिन लागेको छ । एजेन्डा बासी मात्र होइन डुङडुङ गन्हाएको छ । एक वर्ष अगाडि गर्नुपर्ने समीक्षा अहिले हुँदैछ । यो चालले २१औं शताब्दीमा पार्टी चल्न असम्भव छ, सोच ।

अन्त्यमा, पार्टी सभापति देउवालाई कांग्रेस पार्टी र यसका कार्यकर्ताहरूले सिंहासनमा बसाए । अब कांग्रेस र लोकतन्त्रलाई बचाउने पालो देउवाको छ । उनको चेहरा र चरित्रबाट मात्र होइन, चालबाट पनि अब कांग्रेस सिद्धिने बाटोमा छ । कांग्रेस बचाउन पहिलो श्रीगणेशाय नम: भनेको देउवाबाट पार्टीको मुक्ति हो ।

(साभार: अनलाइनखबर)

# बिमस्टेक कतै सार्कजस्तै दुर्बल बन्दै त छैन ?

रीता भण्डारी

सन् १९६० देखि २००० को अवधिमा विश्व रंगमञ्चमा विभिन्न किसिमका बहुपक्षीय, क्षेत्रीय मञ्चहरू स्थापनाको लहर चल्यो । दक्षिणपूर्वी एसियामा आसियान, पश्चिम युरोपमा ईयु, उत्तर अमेरिकामा नाफ्टा स्थापना भए ।

यसै क्रममा बंगालको खाडी आसपासका मुलुकले पनि कुनै मञ्च स्थापनाको सोच बनाए । जसअनुसार बंगलादेश, भारत, श्रीलंका, थाइल्यान्ड मिलेर सन् १९९७ जुन ६ मा बिआइएसटी-इसीको स्थापना गरियो । सोही वर्षको डिसेम्बर २२ मा म्यानमार समेत सदस्य भएपछि यसको नाम 'बिआइएमएसटी-इसी' र हृयो । सन् १९९८ डिसेम्बरसम्म पर्यवेक्षकका रूपमा रहेका नेपाल र भुटानले सन् २००४ जुलाईमा सदस्यता लिए । यसपछि (२००४ जुलाई ३१ मा) यसको नाम 'बहुपक्षीय प्रविधि तथा आर्थिक सहयोगका लागि बंगाल-खाडीको प्रयास' (बिम्सटेक) रह्यो ।

सदस्य मुलुकको सार्वभौम समानता, क्षेत्रीय अखण्डता, शान्तिपूर्ण सह-अस्तित्व, राजनीतिक स्वतन्त्रता, आन्तरिक मामिलामा अहस्तक्षेप, पारस्परिक लाभलाई बिम्सटेकले मार्गनिर्देशक सिद्धान्तका रूपमा स्वीकार गरेको छ ।

यस्तै, बिम्सटेकले निम्न विषयलाई आफ्नो मूल उद्देश्य बनाएको छ – क्षेत्र विशेष परियोजना पहिचान र कार्यान्वयन, आपसी हितका लागि समानता र भागिदारी भावनाको बढावा, सक्रिय सहयोग र आपसी सहायता अभिवृद्धि तालिम र अनुसन्धानात्मक गतिविधिमा बढावा, विकास कार्यक्रममा सहायता, मौजुदा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संगठतहरूसँग सम्बन्ध विस्तार, सञ्चालित परियोजनाहरूको उत्पादकत्व वृद्धि । जहाँसम्म बिमस्टेकको कार्य क्षेत्रको कुरा छ, सन् १९९७ मा बंगलादेशको राजधानी ढाकामा सम्पन्न दोस्रो मन्त्रिस्तरीय बैठकमा व्यापार तथा लगानी, परिवहन तथा सञ्चार, ऊर्जा, पर्यटन, प्रविधि र मत्स्य गरी ६ वटा कार्यक्षेत्र अगाडि सारिएको थियो । सन् २००८ मा भारतको र जधानी नयाँदिल्लीमा सम्पन्न आठौं मन्त्रिस्तरीय बैठकमा कृषि, गरिबी निवारण, अन्तर्राष्ट्रिय आतंकवाद, पर्यावरण एवं प्रकृति प्रवर्द्धन, संस्कृति, जनस्वास्थ्य, जनसम्पर्क, जलवायु परिवर्तन गरी आठवटा कार्य क्षेत्र थप भई १४ वटा पुर्‍याइयो । भर्खरै सम्पन्न चौथो शिखर सम्मेलनमा ब्लु इकोनोमी र माउन्टेन इकोनोमी थप भई कार्यक्षेत्र १६ बाट पुगेको छ ।

सदस्य राष्ट्रहरूले निश्चित कार्य क्षेत्रहरूमा डिल गर्नुपर्ने प्रावधान अनुरूप अन्तर्राष्ट्रिय आतंकवाद, संगठित अपराध, पर्यावरण, दैवी विपदको क्षेत्रमा भारतले, जनसम्पर्क र जनस्वास्थ्यका क्षेत्रमा थाइल्यान्डले, जलवायु परिवर्तनका क्षेत्रमा बंगलादेशले, संस्कृतिका क्षेत्रमा भुटानले, कृषि क्षेत्रमा म्यानमारले र गरिबी निवारणको क्षेत्रमा नेपालले अगुवाई गरेको छ ।

नीति निर्धारण अङ्ग, कार्य सञ्चालन अङ्ग र समन्वय अङ्ग गरी तीन तहको ढाँचामा बिम्सटेकको प्रशासनिक संयन्त्र निर्माण गरिएको छ । शिखर सम्मेलनलाई नीति निर्माण र निर्णय तहको सबैभन्दा शक्तिशाली अंग मानिन्छ । शिखर सम्मेलन प्रत्येक दुई वर्षमा हुनुपर्ने प्रावधान भए पनि स्थापनाको २१ वर्षमा चारवटा शिखर सम्मेलन मात्र सम्पन्न भएको छ । बिम्सटेकको चौथो सम्मेलन राजधानी काठमाडौंमा हालसालै सम्पन्न भएको छ ।

क्षेत्रीय संगठन निश्चित पारस्परिक लाभका लागि स्थापना भएका हुन्छन् । बिम्सटेकबाट लिन सकिने लाभको कुरा गर्दा, बिम्सटेक विशुद्ध आर्थिक तथा प्राविधिक मञ्च भएकाले भारत, श्रीलंका, बंगलादेश, म्यानमार र थाइल्यान्डजस्ता समुद्रसँग जोडिएका मुलुकले अन्तर्क्षेत्रीय व्यापार, पर्यटन, ब्लु इकोनोमीबाट लाभ लिन सक्छन् । नेपाल तथा भुटानजस्ता जलसम्पदाले धनी र पहाडी क्षेत्र बढी भएका मुलुकले कृषि र जलविद्युत् लाभ लिन सक्छन् । भारत तथा थाइल्यान्डजस्ता ठूला र समुन्नत अर्थतन्त्रबाट नेपाल, भुटान, म्यानमारजस्ता मुलुकले लगानी तथा प्रविधि हस्तान्तरणको लाभ लिन सक्छन् । भारत तथा थाइल्यान्डजस्तो ठूलो अर्थतन्त्रले बंगलादेश तथा नेपालमा उपलब्ध सस्तो श्रमशक्तिको उपयोग मात्र गर्न सक्दैनन्, बरु युवाशक्ति परिचालन, सूचना प्रविधि र अन्तर्क्षेत्रीय लगानी तथा व्यापार लाभ लिन सक्छन् ।

यस्तै, बंगलादेशले उसको टेक्सटाइलको व्यापारलाई बिम्सटेक क्षेत्रभित्र व्यापक बनाउन सक्छ । बिमस्टेकको प्रभावशाली सदस्य भारत ब्रिक्सको महत्त्वपूर्ण सदस्य हुनुका नाताले बिमस्टेकको अर्थतन्त्रलाई ब्रिक्सका अन्य सदस्य मुलुक (ब्राजिल, रुस, चीन र दक्षिण अफ्रिका)सम्म जोड्न लबिङ गरिदिन सक्छ ।

जहाँसम्म नेपालले लिन सक्ने लाभको कुरा छ, बिमस्टेकको कुनै पनि मुलुक बौद्ध धर्मको विरुद्ध छैनन् । थाइल्यान्ड, म्यानमार, श्रीलंकामा बौद्ध धर्मावलम्बीको बाहुल्य रहेको छ । नेपाल गौतम बुद्धको जन्मथलो भएकाले बुद्ध सर्किटको अवधारणालाई ती मुलुकसम्म पुऱ्याई पर्यटन प्रवर्द्धनमा वृद्धि गर्न सकिन्छ ।

यसअघि नेपालमा उत्पादित बिजुली भारत तथा बंगलादेशलाई मात्र बेच्नुपर्ने बाध्यता थियो । चौथो शिखर सम्मेलनका क्रममा सदस्य मुलुकहरूबीच ग्रिड कनेक्टिभिटी सम्झौता हस्ताक्षर भएको सन्दर्भमा ४५६ मेगावाटको माथिल्लो तामाकोशी निर्माण अन्तिम चरणमा रहेको छ । यस्तै ७५० मेगावाट क्षमताको पश्चिम सेती, १२०० मेगावाट क्षमताको बुढीगण्डकी, ९०० मेगावाट क्षमताको माथिल्लो कर्णाली निर्माण गर्ने सोच बनाइएकाले उत्पादित बिजुली सार्क मुलुकसँगै म्यानमार र थाइल्यान्डसम्म बिक्री गर्न सकिन्छ ।

*(साभार: रातोपाटी)*

हेलिकप्टरलाई असुरक्षित नेपाली आकाश :

# मौसमलाई चुनौती दिने हुँदा बढी दुर्घटना

काठमाडौं/हवाई सुरक्षाका दृष्टिले नेपाली आकाश हवाई जहाजलाई मात्रै होइन, हेलिकप्टरहरुका लागि पनि अति नै असुरक्षित रहेको देखिएको छ । मंगलबार मनाङ एयरको ९एन-एएमभीको दुर्घटना नेपालको इतिहास ४२ औं हेलिकप्टर दुर्घटना हो ।

सोलुखुम्बुबाट काठमाडौं आउने रुटको मौसम पनि सफा छ भन्ने जानकारीका आधारमा उडेको हेलिकप्टर बीच आकाशमा कसरी खस्यो, अहिलेसम्म पत्ता लागेको छैन । तर, अन्तर्राष्ट्रिय हवाइ क्षेत्रमा सुरक्षित मानिने हेलिकप्टरहरु नेपालमा चाहिँ किन दुर्घटनामा परिरन्छन् ? यो प्रश्न भने गम्भीर छ ।

सोलुखुम्बु, लुक्लानजिकै रहेको सुर्केबाट बिहान १० बजेर ५ बजे काठमाडौंका लागि उडेको यो हेलिकप्टर १० बजेर १३ मिनेटमा लुक्ला टावरसँग सम्बन्धमा आएको थियो । सो समयमा हेलिकप्टर लामजुरा पास पुगिसकेको थियो । त्यसपछि काठमाडौं टावरले यो हेलिकप्टरलाई सम्पर्क गर्नुपर्ने थियो, तर गरेन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार टावरसँग सम्पर्क टुटेपछि काठमाडौं विमानस्थलस्थित खोज तथा उद्दार केन्द्रले अल्टिच्यूड एयरको दुई हेलिकप्टर सम्भावित घटनास्थलततर्फ खटाएको थियो ।

स्थानीय स्तरमा प्रहरीले खोजी कार्य तीव्र बनाएको थियो । सर्वप्रथम घटनास्थल पुगेका प्रहरी सहायक निरीक्षक निराजन बस्नेतका अनुसार घटनास्थिल आसपास बाक्लो हुस्सु लागेको थियो । टोलीले सोलुखुम्बुको लामजुरा पासनजिकै हेलिकप्टरलाई दुर्घटनाग्रस्त अवस्थामा भेटाएको थियो ।

मंगलबार दुर्घटनामा परेको हेलिकप्टरमा सवार सबै विदेशी पर्यटक हुन् । उनीहरु मेक्सिकोका नागरिक रहेको महाप्रबन्धक तिवारीले जानकारी दिए । उनीहरु सोमबार लुक्ला पुगेका थिए । सोमबार प्रतिकुल मौसमका कारण उडान सम्भव भएन । त्यसपछि रात उतै बिताएपछि यो टोलीले मंगलबार बिहानै माउण्टेन फ्लाइट सम्पन्न गरेको थियो । हेलिकप्टर ५५ वर्षीय अनुभवी पाइलट सीबी गुरुङले उडाएका थिए । मनाङ एयरका प्रबन्धक राजु न्यौपानेका अनुसार उनीसँग ७ हजार घण्टा उडानको अनुभव थियो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणले नेपाल आकाश सुरक्षित रहेको दाबी गरिरहँदा नेपाली आकाशमा एकपछि अर्को हवाई दुर्घटना दोहोरिएका छन् । सन् २०२३ को सात महिनामा मात्रै भएको चौथो हेलिकप्टर दुर्घटना हो । समग्र हवाई दुर्घटनामा यस वर्षको पाँचौं दुर्घटना हो । १५ जनवरी २०२३ (१ माघ २०७९) मा पोखरामा भएको यती एयरको दुर्घटनायता नेपाली आकाशमा चार वटा हेलिकप्टर दुर्घटनामा परिसकेका छन् । यो वर्ष भएका हेलिकप्टर दुर्घटनामा ७ जनाको मृत्यु भएको छ ।



**किन बढ्यो दुर्घटना ?**

नेपाल नागरिक उड्डयन प्राधिकरणका पूर्वमहानिर्देशक राजेशराज दली पटक-पटक हेलिकप्टर दुर्घटना परिरहेको सन्दर्भमा गम्भीर विश्लेषण गर्नुपर्ने बताउँछन् । मनसुन होस् वा अन्य मौसम, हेलिकप्टर उडानका आफ्नै अन्तर्राष्ट्रिय नियम छन्,' उनले अनलाइनखबरसँग भने, 'त्यसको परिपालना ठिक तवरले भएको छ वा छैन, गराइएको छ वा छैन भन्नेबारे गम्भीर विश्लेषण गर्नुपर्ने बेला भयो ।' मेसिन, मानिस र मौसमबीच तालमेल भएमा मात्र सुरक्षित उडान सम्भव हुने भन्दै हरेक उडानमा यस्तो तालमेल कति मिलाइन्छ भन्नेबारे अब निर्मत समीक्षा गर्नुपर्ने बेला आएको उनको भनाइ छ ।

विकट तथा कठिन भौगोलिक क्षेत्रमा प्राकृतिक विपत् पर्दा र स्थानीय तथा पर्यटकहरु बिरामी पर्दा उद्धारका हेलिकप्टर प्रभावकारी यातायात साधन बनेको छ । दुर्गम क्षेत्रमा ढुवानी मात्र होइन, हिमाली भेगमा पर्यटकहरु ओसार पसारमा हेलिकप्टर प्रयोग बढ्दो छ ।

पर्यटकीय सिजनमा खुम्बु, अन्नपूर्ण र हुम्लाको सिमकोट क्षेत्रमा अधिक हेलिकप्टर उडान हुने गरेको छ । साहसिक पर्यटनदेखि वृत्तचित्र तथा चलचित्र निर्माणका क्रममा पनि हेलिकप्टरको प्रयोग बढेको छ । मेला महोत्सवमा हेलिकप्टर राखेर स:शुल्क उडानको मज्जा दिने क्रम बढेको छ ।

प्रयोग बढिरहँदा पनि नेपालमा जमिन नजिक उड्ने एयर क्राफ्टलाई मौसम र भूगोलको अवस्थितिबारे यकिन जानकारी दिने प्रणाली विकास भएको छैन । हेलिकप्टरले कतिपय अवस्थामा हवाईजहाजको सूचनामा निर्भर र हनु पर्ने आवश्यकता छ । इनरुटका डाँडाकाँडामा आफ्नो आँखाले देखिने भूगोल पहिल्याउँदै उड्नु पर्ने भएकाले हुस्सु लागेको बेला बढी जोखिम हुने गर्छ ।

हेलिकप्टरले धेरै अवस्थामा हेलिप्याड नभएको स्थानमा ल्याण्ड गर्नुपर्ने बाध्यतासमेत हुन्छ । भएका हेलिप्याडहरुमा सुधार गरेर दुर्घटना न्युन गर्न सकिने भएपनि त्यसतर्फ कसैले ध्यान दिएको छैन । हेलिकप्टर उडानमा पाइलट र त्यसको चेकजाँचका कम्पनीका कमजोरीका घटना पनि देखिएका छन् ।

एयर ट्राफिक कन्ट्रोलको निर्देशन नमान्ने, कुहिरोभित्र छिर्नेलगायतका तोकिएका मापदण्ड पालना नगर्ने, जमिनकै नजिक हेलिकप्टर उडाएर हवाई गतिविधि गर्ने र तोकिएकोभन्दा बढी लोड बोक्ने गतिविधिमा हेलिकप्टर संलग्न भएको यसअघि दुर्घटनाका विषयमा बनेका छानबिन प्रतिवेदनले देखाएका छन् । यसअघिका अधिकांश दुर्घटनाका अध्ययनले खराब मौसमलाई पाइलटले चुनौती दिँदा दुर्घटना बढेको देखाएका छन् ।

उड्डडन प्राधिकरणले कतिपय पाइलटलाई कारबाही पनि गर्दै आएको छ । २३ मार्च २०२३ मा उडान सुरक्षा मापदण्ड मिचेपछि फिस्टेल हेलिकप्टर, एयर डाइनेस्टी र अन्नपूर्ण हेलिकप्टरका पाइलट कारबाहीमा परे । २७ अप्रिल २०२३ मा अल्टिच्युड एयरका वरिष्ठ क्याप्टेन र मर्मत प्रबन्धकलाई अनिश्चितकालीन निलम्बन गरेको थियो । हेलिकप्टर उडानअघि र पछि नियमित चेकजाँच नगरेपछि उनीहरु कार बाहीमा परेका थिए ।

गत माघमा पोखराबाट स्याङ्जाको वालिङमा आएको एक हेलिकप्टरविना अनुमति फुटबल खेल भइरहेको मैदानमा प्रवेश गरेपछि पाइलटले कुटाइ खाएका थिए । यो घटनामा पनि प्राधिकरणले पाइलटमाथि विभागीय कारबाही गरेको थियो । 'अनुभवी पाइलटहरु नै बढी दुर्घटनामा परेको देखिएको छ । यसले पाइलटहरूले जोखिमपूर्ण आत्मविश्वास आत्मविश्वास लिएकाले पनि दुर्घटना बढेको आशंका गर्न सकिन्छ,' प्राधिकरणका एक अधिकारीले बताए ।

**कस्ता-कस्ता दुर्घटना भए नेपालमा ?**

२२ वैशाख २०८० मा संखुवासभामा सिम्रिक एयरको '९एन-एजेजेड' हेलिकप्टर दुर्घटनामा परेको थियो। भोटखोला गाउँपालिका वडा नम्बर ४ को सिप्रुङमा हेलिकप्टर दुर्घटना हुँदा १ जनाको मृत्यु भएको थियो भने ४ जना घाइते भएका छन् । हाइड्रोपावरको सामान ओसार्ने क्रममा हेलिकप्टर दुर्घटनामा परेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ ।

२५ चैत, २०७९ मा काठमाडौंको ह्याम्स अस्पतालमा एयर डाइनेस्टीको हेलिकप्टर दुर्घटना पर्‍यो । अस्पतालको छतमा रहेको हेलिप्याडमा अवतरणका क्रममा हेलिकप्टरको पछाडिको पुच्छरको पङ्रुखा खुस्किएएर दुर्घटनामा परेको थियो । यसमा मानवीय क्षति भने भएन ।

त्यसको भोलिपल्ट अर्थात् २६ चैतमा धौलागिरि बेसक्याम्प नजिकै एभरेस्ट एयरको हेलिकप्टर दुर्घटनामा परेको थियो । कार्गो लिएर गएको हेलिकप्टर दुर्घटनामा मानवीय क्षति भएको थिएन ।

मंगलबार दुर्घटनामा परेको हेलिकप्टर झण्डै १२ हजार ५ सय फिटको उचाइमा उडेको थियो । मंगलबार बिहान सिता र तारा एयरका जहाजले लुक्ला विमानस्थलमा ४ वटा उडान गरेका थिए । ती जहाजले मौसम क्लियर रहेको सूचना दिएका थिए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुल मंगलबार यो टोलीले यसै हेलिकप्टरबाट माउण्टेन फ्लाइट गरेका कारण खुम्बु क्षेत्रको मौसम राम्रो रहेको प्रमाण दिएको बताउँछन् । सोहीकारण यो दुर्घटनामा मानवीय वा प्राविधिक कमजोरी रहेको अनुमान गरिएको उनले बताए । यद्दपि, यो अनुमान मात्र भएको भन्दै निष्कर्षमा पुग्न भने सरकारले गठन गर्ने छानबिन आयोगको प्रतिवेदन नै कुर्नुपर्ने उनको भनाइ छ ।

सामान्यतया इनरुट मौसम खराबी हुँदा (हुस्सु लागेको परिस्थिति) सुरक्षित बाटो खोज्दै हेलिकप्टरहरुले उचाइ लिने गर्छन् । यसले हेलिकप्टर उडानलाई अझ बढी असुरक्षित बनाउँछ । मंगलबार यो परिस्थिति नदेखिएका कारण प्राधिकरणको तर्फबाट बुधबारदेखि आन्तरिक अध्ययन र विश्लेषण भने सुरु गरिने उनले बताए ।

१ वैशाख २०७६ मा लुक्लामा मनाङ एयरको होलिकप्टर दुर्घटनामा परेपछि लामो समयसम्म हेलिकोप्टर दुर्घटनामा परेका थिएनन् । तर, सन् २०२३ भने असुरक्षित वर्षका रुपमा स्थापित भइसकेको छ ।

पछिल्लो १० वर्षमा मात्रै नेपालमा १६ वटा हेलिकप्टर दुर्घटना भएका छन् । प्राधिकरणको तथ्यांक अनुसार सन् २०१८ मा तीनवटा हेलिकप्टर दुर्घटनामा परेका थिए । त्यसलाई सन् २०२३ ले उछिनिसकेको छ । २०१५, २०१६ र २०१९ मा भने दुई-दुई वटा हेलिकप्टर दुर्घटनामा परेका थिए ।

**कुल ४२ दुर्घटना : १०४ जनाको मृत्यु**

प्राधिकरणको तथ्यांक अनुसार नेपालको हवाई इतिहासमा ४४ वटा हेलिकप्टर दुर्घटना भइसकेका छन् । यस्ता हेलिकप्टर दुर्घटनामा मृत्यु हुनेको संख्या १०४ पुगिसकेको छ ।

नेपाल नागरिक उयन प्राधिकरणका अनुसार नेपालमा पहिलो हेलिकप्टर दुर्घटना सन् १९७९ मा लाङटाङमा भएको थियो । यो समय भीभीआईपी हेलिकप्टोर दुर्घटनामा ६ जनाले ज्यान गुमाएका थिए ।

सन् १९९७ मा थुप्तेन छोलिङमा १ जनाको ज्यान जाने गरी कर्णाली एयरको हेलिकप्टर दुर्घटना भयो । सन् १९९८मा मूलखर्कमा भएको अर्को दुर्घटनामा ३ जनाको ज्यान गयो ।

सन् २००३ मा रारा तालमा फिस्टेलको हेलिकप्टर खस्यो, जसमा ४ जनाको निधन भयो । सन् २००२ मा एसियन एयरको हेलिकप्टरमा सवार ११ जनाले सोलुखुम्बुमा मृत्युवरण गरे ।

सन् २००३ मै सिम्रिक एयरको हेलिकप्टर सगरमाथा बेस क्याम्पमा दुर्घटनामा पर्दा २ जनाको ज्यान गयो । २००५मा रामेछापको ठोसेमा हेलि हान्सको हेलिकप्टर दुर्घटना हुँदा ३ जनाले ज्यान गुमाउनुपर्‍यो ।

सन् २००६मा सबैभन्दा ठूलो हेलिकप्टेर दुर्घटना भयो । वन राज्यमन्त्री गोपाल राईसहित संरक्षणविद् हर्क गुरुङलगायत सवार श्री एयरलाइन्सको हेलिकप्टर ताप्लेजुङको घुन्सामा दुर्घटनामा पर्दा २४ जनाको निधन भयो । यस दिनलाई संरक्षणकर्मीले कालो दिनमा रुपमा मनाउने गरेका छन् ।

२०१०मा फिस्टेल एयरको हेलिकप्टर अम्दाब्लम हिमालमा दुर्घटनामा पर्दा २ जनाले ज्यान गुमाए । सन् २०१३ र २०१४मा क्रमश: सिमिकोट र सिन्धुपाल्चोकमा भएको हेलिकप्टर दुर्घटनामा १/१ जनाको मृत्यु भयो । २०१५मा माउन्टेन हेलीको हेलिकप्टर सिन्धुपाल्चोकको यमुना डाँडामा खस्यो, जसमा ४ जनाको ज्यान गयो ।

यस्तै २०१५मा भूकम्प प्रभावितको उद्धारका लागि गएको अमेरिकी सेनाको हेलिकप्टरमा दोलखाको घोर्थलीमा दुर्घनामा हुँदा अमेरिकी सैनिकसहित १३ जनाले ज्यान गुमाए । फेरि २०१६ मा नुवाकोटको बेतिनीमा फिस्टेलको हेलिकप्टर दुर्घटना हुँदा ७ जनाको मृत्यु भयो ।

२०१८ मा हिल्सामा मनाङ एयरको होलिकप्टर दुर्घटना हुँदा १ जनाको मृत्यु भयो । सोही वर्ष अल्टिच्युड एयरको हेलिकप्टर नुवाकोटको मैलुङमा खस्दा ६ जनाको घटनास्थलमै ज्यान गएको थियो ।

सन् २०१९मा पर्यटन क्षेत्रका विभागीय मन्त्री रवीन्द्र अधिकारीले नै हेलिकप्टर दुर्घटनामा ज्यान गुमाउनुपर्‍यो । जसमा नेपाल नागरिक उड्डयन प्राधिकरणका उपमहानिर्देशक वीरेन्द्र श्रेष्ठ र निर्देशक ुब भोछिभया तथा पर्यटन व्यवसायी आङछिरिङ शेर्पासहित ७ जनाको निधन भएको थियो । ४४ वर्षका बीचमा भएका अन्य हेलिकप्टर दुर्घटनामा कैयौं घाइते पनि भएका छन् ।

हेलिकप्टर दुर्घटनापछि गठन भएका अधिकांश छानबिन आयोगले नेपालको कठिन भौगोलिक अवस्थिति, छिनछिनमा परिवर्तन हुने मौसम र मौसम तथा भूगोलको परवाह नगरी उडान गर्ने पाइलटको प्रवृत्तिलाई मुख्य कारण कारण मान्ने गरेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# ५ वर्षपछि 'कोतपर्व'बाट कमब्याक गर्दै रमेश उप्रेती

काठमाडौं/अभिनेता रमेश उप्रेतीले अमेरिकाबाट फर्किएपछि जम्मा दुईवटा फिल्ममा काम गरेका छन् । उनको कमब्याक फिल्म 'ब्रासलेट' थियो । यो व्यावसायिक रुपमा सफल हुन सकेन । त्यसको केही वर्षपछि उनले आफ्नै निर्माणमा फिल्म 'ऐश्वर्य' बनाए । यो फिल्म भने औसत चल्यो । तर, यसपछि उनले फिल्ममा काम गरेका छैनन् । ५ वर्षपछि रमेशको कमब्याक फिल्मको टुंगो लागेको छ ।

उनले सोमबार फिल्म 'कोतपर्व' सम्झौता गरेका छन् । केही दिनअघि अभिनेता सौगात मल्ल पनि फिल्ममा अनुबन्धित भएका थिए । अब दुई पुस्ताका चर्चित कलाकार एकसाथ पर्दामा देखिने भएका छन् । रमेश कमब्याक फिल्मलाई लिएर उत्साहित देखिएका छन् । सम्भवत: उनले 'कोतपर्व'अघि आगामी असोजमा अर्को फिल्म गर्न सक्नेछन् । त्यो निखिल उप्रेतीसँगको फिल्म हुनसक्छ ।



छोटेलाल रौनियार र सारदा खड्का अर्याल निर्माता रहेको 'कोतपर्व'को कार्यकारी निर्माता शिव चन्द्र हुन् । महेश दवाडीको लेखन रहेको फिल्मलाई रिमेश अधिकारीले निर्देशन गर्नेछन् । रिमेश अधिकारी फिल्म्स प्रोडक्सन र श्रीत फिल्म्स एण्ड इन्टरटेनमेन्टको ब्यानरमा बन्न लागेको फिल्मको पोस्ट प्रोडक्सनको सम्पूर्ण काम मुम्बईको स्टुडियोमा गरिने निर्देशक अधिकारीले जानकारी दिए ।

नेपाललाई १०४ वर्षे जहानियाँ निरंकुश राणा शासनमा धकेलेको कोतपर्व (नेपालको इतिहासकै दोश्रो ठूलो हत्याकाण्ड)मा आधारित भएर फिल्म निर्माण हुन लागेको हो । कोतपर्वले जंगबहादुर राणालाई शक्तिशाली शासकका रूपमा उभ्याएको थियो । पछि उनी नेपालका प्रधानमन्त्री समेत बने । कोतपर्वमा ११ चौतारिया, ६ पाण्डे, ३ थापा र ११ क्षेत्रीय भारादारको विभत्स हत्या भएको थियो ।

# 'अदृश्य' गीत : क्लबमा रोमान्टिक प्रमोद र रिश्ता



काठमाडौं/आगामी साउन १९ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'अदृश्य'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'एकचोटी' बोलको क्लब गीतमा फिल्मका मुख्य कलाकार प्रमोद अग्रहरी र रिश्ता बस्नेत फिचर्ड छन् । विशाल पौडेलको शब्द र चना र संगीत रहेको गीतमा संगीतकार पौडल र सीमा संग्रौलाको स्वर छ । शिशिर खातीको कोरियोग्राफी रहेको गीतको अडियो र भिडियो औसत छ ।

प्रल्हाद काफ्लेको डेब्यू निर्देशित फिल्ममा प्रमोद र रिश्तासँगै सोहित मानन्धर, प्रविन खतिवडा, छुल्ठिम गुरुङ, रवी गिरी, विकेश प्रजापती, सिएम भारद्वाज सुवेदी, गीत विष्ट, सुरज बिष्ट, जसिता घिमिरे, सन्दीप बाबु लोहनी, रुपेश दाहाल, सुजन बज्राचार्य, अजित रेग्मी, रुपेश थापा, अभिमान सिंह बस्नेत र प्रतिक भुजेलको अभिनय छ । फिल्मको निर्माता मिना बस्नेत र उमारुद्रा काफ्ले हुन् ।

पिताम्बर फिल्मस्को प्रस्तुतिमा रहेको फिल्मको सह-निर्माता रविन अधिकारी र रिकेश खत्री हुन् । आकाश उखेडाको पटकथा तथा संवाद, राकेश रनपालको कथा, उत्तम हुमागाई र मोहन कुमार झिल्लुको छायांकन, मुकेश शाहको पार्श्व संगीत, निशान घिमिरेको कलर तथा बनिश शाहको सम्पादन रहेको फिल्मलाई देशभर वितरण गर्ने अधिकार आरआर फिल्म्स (रोहित-रत्न)ले लिएको छ ।

**सूचना ! सूचना !! सूचना !!!**

हेटौंडाको चिरपरिचित फार्मेसी **देउराली फर्मा** यहि २०८० असार २३ गते शनिबारबाट हेटौंडा-३ बसामाडीमा सञ्चालन गरिएको सम्पूर्ण ग्राहक बन्धुलाई सहर्ष जानकारी गराउदछौं । ग्राहकलाई पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।

प्रो. हिरालाल श्रेष्ठ

**देउराली फर्मा**

हेटौंडा उ.म.न.पा.-३ बसमाडी

सम्पर्क : ०५७-५२५८६३, ९८६५०१२५८८

# भारतलाई थप ३०० मेगावाट बिजुली बेच्न नयाँ प्रसारणलाइन तय

काठमाडौं/भारतसँग अन्तरदेशीय विद्युत व्यापारका लागि नेपालले नयाँ प्रसारणलाइनहरु पाउने भएकोछ । भारतका केन्द्रीय प्रसारणलाइन मार्फत मात्रै अब भारतीय राज्यस्तरको लाइनहरुमार्फत पनि बिजुली व्यावसायिक निर्यातको बाटो खुलेको हो ।

हाल प्रयोगमा रहेको ४ सय केभीको ढल्केबर-मुजफ्फरपुर अन्तरदेशीय प्रसारणलाइनबाट थप विद्युत निर्यात गर्न क्षमताले नधान्ने भएपनि बिहारसँग जोडिएका ४ वटा १३२ केभी प्रसारणलाइन पनि अन्तरदेशीय विद्युत व्यापारका लागि प्रयोग गर्न पीटीसी इन्डिया र नेपाल विद्युत प्राधिकरणबीच सहमति भएको हो ।

गत २८ जुनमा बिहार सँग जोडिएका नेपालका ४ वटा प्रसारणलाइनबाट ३०० मेगावाटसम्म विद्युत व्यापार गर्न पीटीसी इन्डिया र नेपाल विद्युत प्राधिकरणले सहमति जनाएका हुन् ।

भारतको बिहार राज्य र नेपाल विद्युत प्राधिकरणबीच यी प्रसारणलाइनबाट अहिलेसम्म विद्युत आदानप्रदान मात्रै हुँदै आएको छ । आवश्यक पर्दा बिजुली आयात गर्न र त्यसलाई पैंचोको रुपमा फर्काउन मात्रै बिहारसँगका १३२ केभी लाइनहरु प्रयोगमा छन् ।

पीटीसी इन्डियाका अध्यक्ष र प्रबन्ध निर्देशक राजीवकुमार मिश्रले एक भारतीय सञ्चार संस्थासँगको अन्तरवार्तामा बिहारसँग जोडिएका प्रसारणलाइनबाट ३ सय मेगावाट विद्युत आयातका लागि नेपाल विद्युत प्राधिकरणसँग पीपीए गरेको जानकारी दिएका छन् ।

'अहिले हामी नेपालमा (बिहारका प्रसारणलाइनबाट) निर्यात मात्र गर्थ्यौं भने अब पहिलोपटक आयात गर्दैछौं, यही वर्षायामबाट आयात गर्दैछौं, तर यसका लागि केही सर्त पूरा गर्नु पर्ने छ,' उनले भनेका छन् ।

पीटीसी इन्डिया नेपालसँग टनकपुरबाट विद्युत आयातका लागि पहिलोपटक तोकिएको पूर्वभारतीय विद्युत व्यापारको नोडल एजेन्सी हो । अहिले यो कम्पनी भारतको प्रमुख विद्युत व्यापार कम्पनी बनिसकेको छ । पीटीसीसँग भएको समझदारी अनुसार कटैया-कुशाह, कटैया-कुशाह-२, रक्सौल-परवानीपुर र रामनगर-गण्डक १३२ केभी लाइनहरुले अब नेपालबाट भारतको बजारमा बेचिने बिजुली पनि प्रसारण गर्नेछन् ।

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

साझाकुरा


"तपाईं, हामी सबैको कुरा"

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा
राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

# भैंसे-भीमफेदी सडकको ६५ प्रतिशत भौतिक प्रगति

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ हेटौंडा-काठमाडौं जोड्ने छोटोमार्ग अर्न्तगत निर्माणाधीन भैंसे-भीमफेदी सडकखण्डको भौतिक प्रगति ६५ प्रतिशत भएको छ ।

सडक विस्तारको क्रममा भीमफेदी गाउँपालिका-४ र ६, स्थित व्यक्तिको घरजग्गा भत्काउनु पर्ने भएपछि मुआब्जाको समस्याले विगतमा सडक निर्माण रोकिएको थियो । सडक निर्माण कार्य रोकिँदै चल्दै आइरहेता पनि हालसम्म ६५ प्रतिशत भौतिक प्रगति भएको बागमती प्रदेशको यातायात पूर्वाधार निर्देशनालयले जानकारी दिएको छ । विभिन्न कारणले सडक स्तरोन्नतिमा ढिलाइ हुँदै आएको भैंसे-भीमफेदी सडकखण्डको ११ दशमलव ५ किमि सडकको ६५ प्रतिशत काम सकिएको हो । क्षतिपूर्ति दिन बाँकी रहेको क्षेत्रबाहेक सडक फराकिलो गर्ने काम भने ९५ प्रतिशत सकिएको निर्देशनालयले जनाएको छ ।

यसैगरी पाँच किमि सडकमा ग्राभेल, ६ किमि सडकमा ढल निर्माण र ८ किमि सडकको दायाँबायाँ सडक संरक्षणलगायतका संरचना तयार भएकोछ । ढोकाफेदीमा पुल निर्माण सम्पन्न भएको छ भने निबुवाटार पुल निर्माणाधीन अवस्थामा छ । मान्डुसहित दुईवटा पुल निर्माण गर्न सम्झौता भएको छ । गोल्पिङमा पुल निर्माणका लागि सूचना प्रकाशित गर्न बाँकी रहेको निर्देशनालयले जनाएको छ । आर्थिक वर्ष २०७६/७७ देखि सडक स्तरोन्नतिको काम सुरु भएकोमा सडक निर्माणको म्याद पुन: आगामी



चैत २३ सम्मका लागि थप गरिने भएको छ । निर्माण कम्पनीसँग यो सडकखण्ड ३८ करोड ७८ लाख रुपैयाँको लागतमा निर्माण गर्ने गरी सम्झौता भएको यातायात पूर्वाधार निर्देशनालयले जानकारी दिएको छ । भैंसे-भीमफेदी सडक सडकखण्डमा पर्ने भीमफेदी गाउँपालिकाको वडा नम्बर ४ र ६ मा सडक दायाँबायाँका घरजग्गा धनीले राहत र क्षतिपूर्ति पाउने भएपछि सडक विस्तारले गति लिने भएको छ । घरजग्गा धनीहरुले राहत, मुआब्जा र क्षतिपूर्ति माग गर्दै सडक विस्तारमा रोक लगाउँदै आएका थिए ।

बागमती प्रदेश सरकारले राहत र क्षतिपूर्ति दिन सुरु गरेसँगै सडक विस्तारको कामले निरन्तरता पाएको प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालय अन्तर्गतको यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाले जनाएको हो । अघिल्लो कार्यकालमै बागमती प्रदेशसभा सदस्यहरुले प्रदेश राजधानी आवतजावत गर्ने सडक साँघुरो र जोखिमयुक्त भएको भन्दै पटक-पटक प्रदेशसभामा आवाज उठाएपछि प्रदेश सरकार सडक विस्तारका क्रममा भैंसे-भीमफेदी सडकखण्डमा पर्ने घरजग्गा धनीलाई राहत र क्षतिपूर्ति दिने निर्णयमा पुगेको थियो ।

प्रदेश सरकारले सडक १० मिटर फराकिलो गर्ने क्रममा घरजग्गालगायतका संरचना पर्नेहरुलाई राहत र क्षतिपूर्ति दिन आर्थिक वर्ष २०७७/७८ मा बजेट विनियोजन गरे पनि कार्यविधिको अभावमा राहत र क्षतिपूर्तिबापत रकम दिन सकेको थिएन । चालु आवमा निजी जग्गाको क्षतिपूर्ति दिन कार्यविधि बनाएसँगै राहत र क्षतिपूर्तिबापत रकम दिने निर्णय गरिएको हो । भैंसे-भीमफेदी-कुलेखानी सडक खण्डलाई दुई खण्डमा विभाजन गरी सडक स्तरोन्नतिको काम सुरु गरिएकोमा भीमफेदी-कुलेखानी सडकखण्डको काम पूरा हुँदा भीमफेदी गाउँपालिका-४ र ६ का सडक क्षेत्रको दायाँबायाँका घर जग्गाको राहत र क्षतिपूर्ति विवादका कारण भैंसे-भीमफेदी सडकखण्डका विभिन्न स्थानमा काम रोकिँदै आएको थियो ।

यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाका प्रवक्ता हरि प्रसाद ओझाले भैंसे-भीमफेदी सडकखण्डमा पर्ने वडा नम्बर ४ र ६ मा ऐलानी जग्गामा घर बनाएर बस्दै आएका २२ परिवारलाई राहत/क्षतिपूर्तिबापत रकम प्रदान गर्न चालु आव ०७९/८० मा प्रदेश सरकारले विनियोजन गरेको रकम भीमफेदी गाउँपालिकामा निकासा गरिएको जानकारी दिए । उनले वडा नम्बर ४ का १७ र वडा नम्बर ६ का ५ परिवार गरी २२ परिवारलाई चालु आवमा राहत/क्षतिपूर्ति रकम उपलब्ध गराइएसँगै सडक निर्माणमा हुँदै आएको अवरोध हटेको र सो क्षेत्रको सडक स्तरोन्नतिको काम सुरु गरिएको जनकारी दिए ।

भैंसे-गोल्पिङ-भीमफेदी खण्डको सडक दायाँबायाँ ३८ वटा निजी घरजग्गा परेकामध्ये १४ जना घरजग्गा धनीले क्षतिपूर्तिबापतको रकमका लागि सम्झौता गरेपछि संर चना हटाएर अवरोध हटेसँगै काम सुरु भएको छ । चालु आवमा सडक सीमामा पर्ने प्रभावित परिवारलाई क्षतिपूर्ति प्रदान गर्न एक करोड ५० लाख रुपैयाँ प्रदेश सरकारबाट विनियोजन गरिएकोमा १४ जना घरजग्गा धनीलाई ४२ लाख ३६ हजार रुपैयाँ भुक्तानी गरिएको छ । क्षतिपूर्ति कार्यविधि अनुसार घरलगायतका संरचना हटाउन सम्झौताको समयमा २० प्रतिशत र संरचना हटाइसकेपछि बाँकी रकम भुक्तानी दिने व्यवस्था रहेको छ ।

प्रदेश सरकारले आगामी आवका लागि समेत भैंसे-भीमफेदी सडकखण्डमा पर्ने निजी घरजग्गा धनीलाई क्षतिपूर्ति प्रदान गर्न एक करोड ५० लाख रुपैयाँ विनियोजन गरेको छ । भीमफेदी गाउँपालिकाका अध्यक्ष हिदम लामाले वर्षौंदेखि बसोबास गर्दै आएको स्थानबाट स्थानीय बासिन्दा विस्थापित मात्र होइन घरबारविहीन हुने अवस्था आएपछि राहत, क्षतिपूर्ति र मुआब्जाका लागि पहल गरिदिएको बताए । राहत र क्षतिपूर्ति दिन सुरु गरेसँगै सडक विस्तारको काम सुचारु भएको उनले बताए ।

# इन्द्रसरोवरको बजेटमा तीनजना वडाअध्यक्षको असन्तुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ इन्द्रसरोवर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि ल्याएको बजेटमा तीनजना वडाअध्यक्षले असन्तुष्टि राखेका छन् ।

आवश्यकताको आधारमा बजेट बिनियोजन नभएको र गाउँपालिका अध्यक्षले एकलौटी ढंगबाट बजेट बिनियोजन गरेको भन्दै वडा नम्बर १, २ र ५ का वडाध्यक्षले बजेटप्रति असन्तुष्टि राखेका हुन् । इन्द्रसरोबरको गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी र उपाध्यक्ष उमाकुमारी लामा छन् । उनीहरु दुवैजना नेकपा एमालेबाट विजयी भएका थिए । बजेटको विरोध गर्ने वडाअध्यक्षहरु नेपाली कांग्रेसका हुन् । १ र ५ का वडाअध्यक्षहरुले विज्ञप्ति निकाल्दै बजेट बहिस्कार गरेको बताएका छन् ।



इन्द्रसरोवर गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि ४४ करोड ३४ लाख ५० हजार रुपैयाँ बजेट ल्याएको थियो । गाउँपालिकालाई संघीय सशर्त अनुदान चालुतर्फ १३ करोड ४० लाख, संघीय विशेष अनुदान १ करोड, तोकिएका पूर्वाधार निर्माणका लागि संघीय समपूरक अनुदान १ करोड ७० लाख, संघीय समपूरक अनुदान प्रशासकीय भवनतर्फ २ करोड ५० लाख प्राप्त भएको थियो ।

१ नम्बर वडाअध्यक्ष सुवास थापामगरले वडाले दिएको कार्यक्रमलाई सम्बोधन नगरिएको र अध्यक्षले एकलौटी ढंगबाट बजेट बनाएको आरोप लगाए । गाउँपालिकाको १२ औं सभामा वडा नम्बर १ को वडाबासीको हितका लागि 'प्रयोगमैत्री संरचना, स्वास्थ्य शिक्षा, पर्यटन र कृषि समतामूलक विकास इन्द्रसरोबरको समृद्धि' भन्ने नारालाई सम्बोधन नगरेको भन्दै वडाध्यक्ष मगरले चिन्ता व्यक्त गरे । उनका अनुसार श्रोत सुनिश्चत नगराई बजेट तयार गरिएको छ ।

यसैगरी, ५ नम्बर वडाका वडाध्यक्ष दुतराज तितुङ्ले गाउँपालिकाले हाल्ने योजनाहरु र वडाले हाल्ने योजनाहरु सभामा प्रस्तुत हुनुअगावै छलफल गरी टुंग्याउनुपर्नेमा पालिका टिम एकलौटी रुपमा अगाडि बढ्न खोज्दा महत्वपूर्ण विषय शीर्षकहरु छुटेको बताए । वडासँग समन्वय नगरी बजेट बनाइएकोले आफूहरु त्यो बजेट स्वीकार गर्न सक्ने स्थितिमा नरहेको उनले बताए । 'एकलौटी ढंगले बजेट ल्याउने प्रवृत्तिमा सुधार गराउनको लागि सचेत गराउन बजेट बहिस्कार गरेका हौं,' वडाध्यक्ष तितुङ्ले भने ।',

# मोटरसाइकल दुर्घटना हुँदा थापाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिका-६ नयाँबस्तीमा मोटर साइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मोटर साइकल चालक रामेछाप नगर पालिका-८, घर भएका चितवन खैरेनी नगरपालिका-८ बस्ने अन्दाजी ४५/५० बर्षीय नरबहादुर थापा रहेका छन् । पूर्वपश्चिम राजमार्ग अन्तर्गत चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बा.प्र.०३-००३ प ८६५८ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भएर सडकको पोलमा ठोक्किएर दुर्घटना हुँदा थापा गम्भीर घाइते भएका थिए । उनको उपचारको क्रममा पुरानो मेडिकल कलेज भरतपुर चितवनमा मृत्यु भएको मकवानपुरका प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।

यसैगरी, हेटौंडा उपमहानगरपालिकाको दुई छुट्टाछुट्टै स्थानमा मंगलबार भएको सवारी दुर्घटनामा परी दुई जना घाइते भएका छन् । जसमध्ये एक बालिकको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । हेटौंडा-१९ र हेटौंडा-१ मा सवारी दुर्घटना भएको थियो । बस्तिपुरस्थित पूर्व-पश्चिम सडकखण्डमा हेटौंडाबाट नेवार पानीतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ त ५८५९ नम्बरको ट्याक्टरले विपरित दिशाबाट आउँदै गरेको ना ५९ प ५७२ नम्बरको मोटरसाइकल एकापसमा ठोक्किएर दुर्घटना हुँदा एकजना घाइते भएका छन् ।

डिएसपी कार्कीका अनुसार दुर्घटनामा परी मोटरसाइकल चालक हेटौंडा-१९, बस्तिपुर बस्ने २६ वर्षीय सुशन बानियाँ घाइते भएका छन् । उनलाई उपचारको लागि हेटौंडातर्फ ल्याइएको प्रहरी नायवउपरीक्षक कार्कीले बताए । घाइते बानियाँ पशुपतिनाथ माविका शिक्षक हुन् । डिएस्पी कार्कीका अनुसार बानियाँको दाहिने कुम, खुट्टा, छातीमा चोट लागेको र अवस्थामा मध्यम रहेको छ ।

दुर्घटनापश्चात ट्याक्टर हाँडीखोलाको खहरेमा छोडेर चालक फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले बताएको छ । यस्तै, मंगलबार साँझ करिब ६ बजेको समयमा हेटौंडा-१, तरकारी बजार नजिकै तरकारी बजारबाट चौकीटोलतर्फ जाँदै गरेको बा प्र-०३-००१ त ०४९० नम्बरको ट्याक्टरले ठक्कर दिँदा एक बालिका गम्भीर घाइते भएकी छन् ।

ट्याक्टरको ठक्करबाट पैदलयात्री स्थानीय कान्छीमाया घलानको छोरी ८ वर्षीया रिया मोक्तान घाइते भएको डिएसपी कार्कीले बताए । ट्याक्टरको ठक्करबाट घाइते भएकी उनलाई हेटौंडा अस्पतालमा सामान्य उपचार पश्चात थप उपचारको लागि चितवनको भरतपुर रिफर गरिएको छ । उनका अनुसार, घाइते बालिकाको टाउकोमा चोट लागेको र अवस्थामा गम्भीर रहेको छ । प्रहरीले उक्त ट्याक्टर र चालकलाई नियन्त्रणमा लिई घटनाको आवश्यक अनुसन्धान गरिरहेको कार्कीले बताए ।

# रातोमाटेबाट अवैध भारुसहित एक जना पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले अवैध भारतीय रुपैयाँ (भारु) सहित एकजना व्यक्तिलाई पक्राउ गरेको छ ।

सोमबार बिहान हेटौंडा उपमहानगरपालिका वडा नम्वर १५, स्थित राटोमाटेबाट अवैध भारतीय रकमसहित एक जनालाई रातोमाटे प्रहरी चेकपोष्टले नियन्त्रणमा लिएको हो । विगत एक महिनादेखि रातोमाटे चेकपोष्ट अपराध नियन्त्रण र राजश्व चुहावट रोक्न निक्कै सक्रिय भएको छ । प्रहरी वरिष्ठ नायवनिरीक्षक मञ्जु रानाले रातोमाटे चेक पोष्ट सम्हालेदेखि दुईपटक ठूलो मूल्यमो अवैध सुन, अवैध कपडा, राजश्व छलिगरी ल्याएको थुप्रै सामग्री नियन्त्रणमा आएको छ ।

सोमबार बिहान ५ बजे प्रहरीचौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले पूर्व-पश्चिम सडक खण्डअन्तर्गत पर्ने स्थानबाट ३ लाख ७५ हजार रुपैयाँ भारतीय रकमसहित भारतको जिल्ला बेतिया थाना बैरिया ग्राम मियापुर दवौली-७ बस्ने वर्ष ४० को रमेश साह गुप्ता पक्राउ परेका हुन् । प्रहरी नायवउपरीक्षक टेकबहादुर कार्कीका अनुसार, काठमाडौंबाट वीरगंजतर्फ जाँदै गरेको प्रदेश ३-००१ ख २५१६ नम्बर को यात्रुबहाक बसमा जाँच गर्ने क्रममा बसमा सवार साहको साथबाट ३ लाख ७५ हजार भारतीय रुपैयाँ (नेपाली ६ लाख) फेला परेपछि निजलाई पक्राउ गरिएको हो । पक्राउ परेका गुप्तालाई नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया बारा पठाइएको डिएसपी कार्कीले जानकारी दिए ।

यसैगरी, भन्सार छलेर ल्याइएको अनुमानित मूल्य ३ लाख ५७ हजार ८ सय ८९ रुपैयाँ बराबरको अबैध कपडा तथा खाद्यान्न सामग्री बरामद गरिएको छ । २५ र २६ असारमा प्रहरीचौकी रातोमाटे मकवानपुरबाट खटिएको टोलीले हेटौंडा उपमहानगरपालिका-१५ रातोमाटेस्थित सडकखण्डमा सवारी साधनहरु जाँच गर्ने क्रममा यात्रुबाहक बसको डिकीबाट अवैध भन्सार छलेर चोरी पैठारी गरी ल्याएको कपडा तथा खाद्यान्न फेला पारी बरामद गरिएको डिएसपी कार्कीले बताए ।

# जिसस मकवानपुरद्वारा विद्यार्थीलाई छात्रवृत्ति

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ जिल्ला समन्वय समिति (जिसस) मकवानपुरले स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति वितरण गरेको छ । सोमबार जिल्लाका ४ सामुदायिक क्याम्पसमा अध्ययनरत ४४ विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको हो ।

प्रतिविद्यार्थी ९ हजार रुपैयाँका दरले छात्रवृत्ति प्रदान गरिएको जिसस मकवानपुरले जनाएको छ । छात्रवृत्ति प्राप्त गर्नेमा मकवानपुर बहुमुखी क्याम्पसबाट सम्झना महर्जन, पूर्णिमा पोखरेल, निष्मा घिमिरे, सुजिना श्रेष्ठ र उसिपा पौडेलसहित ६ जना रहेका छन् । यस्तै हेटौंडा क्याम्पसबाट निमा महत, आशिष घलान, अजिता बिडारी र ज्योति पुडासैनीसहित ४ जना रहेका छन् ।

यसैगरी वंशगोपाल बहुमुखी क्याम्पसबाट अनुजा ढकाल, उत्कर्ष पौडेल, सन्तोष पुडासैनी र सुभाष राई सहित ४ विद्यार्थी रहेका छन् । थाहा नगरपालिकास्थित पालुङ बहुमुखी क्याम्पसबाट एलिना मोक्तान, सविता अधिकारी, देवनाथ वाईबा, सरु थोकर, सुनिता भट्ट, खुशी थोकर, पुष्पा पाख्रिन र रोजिना बलामी सहित ८ जना रहेको जिससले जानकारी दिएको छ ।

यस्तै निर्मल बहुमुखी क्याम्पसका पावल प्रजा, विष्णुमाया थोकर, समिना थोकर, गोमा स्याङ्तान, सुनिता बल, सुनिल थिङ, अस्मिता थिङ र सुस्मिता स्याङ्तान सहित ९ जनाले छात्रवृत्ति प्राप्त गरेका छन् । छात्रवृत्ति पाउनेमा मनहरी बहुमुखी क्याम्पसबाट गुणराज स्याङ्बो, शितल लामा, दिपेन्द्र प्रजा, मनिराज मोक्तान, लेबी भोलन र निराजन अर्यालसहित ६ जना रहेका छन् ।

यस्तै पदमपोखरी बहुमुखी क्याम्पसका मिरा वाईबाले छात्रवृत्ति पाएका छन् । हटिया जनप्रिय बहुमुखी क्याम्पसबाट छात्रवृत्ति पाउनेमा सरस्वती ढकाल, बिनिता तिमल्सिना, सुजता राई, मुना गोले, पुष्पा बास्तोला, प्रमिला स्याङ्बो र आइश्री भोलन सहित ७ रहेका छन् ।

छात्रवृत्ति वितरण कार्यक्रममा जिसस मकवानपुरका प्रमुख ललित घलानले जिल्लाभित्रका सामुदायिक क्याम्पसमा अध्ययनरत आर्थिक अबस्था कमजोर भएका विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको बताए । जिसस मकवानपुरका उपप्रमुख सानुकाजी लुइटेलको सभाध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर प्रमुख दीनानाथ गौतम, जिससका सदस्यहरु, क्याम्पस प्रमुखलगायको उपस्थिति रहेको थियो ।

# एसईइमा उत्कृष्ट ३ जनालाई वडाअध्यक्षको पारिश्रमिक

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/ मनहरी गाउँपालिका वडा नं ३ का वडाअध्यक्ष अनन्तप्रकाश अर्यालले एसइइमा उत्कृष्ट नतिजा ल्याउने ३ जनालाई आफ्नो पारिश्रमिक उपहार स्वरुप प्रदान गरेका छन् ।

महेन्द्रज्योति माध्यमिक विद्यालयका ३ विद्यार्थीलाई मंगलबार वडाअध्यक्ष अर्यालले आफ्नो एक महिनाको पारिश्रमिक उपहार दिएका हुन् । महेन्द्रज्योतिबाट सर्वोत्कृष्ट नतिजा ३.१० जिपिए प्राप्त गर्न सफल प्रीन्सा पौडेललाई नगद रु १० हजार सहित प्रमाणपत्र, खादा सहित सम्मान गरिएको थियो । त्यसैगरी २.९ जिपिए प्राप्त गर्न सफल निकिता तिमल्सीना र स्वस्तिका बर्तौलालाई क्रमश ४/४ हजार नगद र खादासहित सम्मान गरिएको थियो ।

आगामी दिनमा उत्कृष्ट नतिजा ल्याउनेलाई थप प्रेरणा र हौसलाका साथ पठनपाठन यात्रा अघि बढोस् भन्ने अभिप्रायले आफ्नो पारिश्रमिकबाट सम्मानस्वरुप उपहार दिइएको वडाअध्यक्ष अर्यालको भनाई छ । उपहार हस्तान्तरण कार्यक्रममा विद्यालयमा ४३ वर्ष शिक्षण गरी सेवानिबृत्त नरहरिनन्दन उप्रेती, वडासदस्य हीराबहादुर प्रजा, वडासचिव दिपेश महतोलगायतले बधाई तथा शुभकामना दिएका थिए ।

# पक्षघात पीडित दुई जना महिलालाई ह्वीलचियर

साझाकुरा संवाददाता

हेटौंडा, २६ असार/रोटरी क्लब अफ हेटौंडाले जनप्रतिनिधिको रोहबरमा दुईवटा ह्वील चियर पक्षघात पीडित दुईजना महिलाई हस्तान्तरण गरेको छ ।

हेटौंडा उपमहानगर पालिका-४ गर्दोई निवासी ५८ वर्षीया नानी पोडे र हेटौंडा-१३, स्थित बनस्पति बस्ने ५२ वर्षीया चेतकुमारी मगरलाई घरमै पुगेर ह्वील चियर हस्तान्तरण गरिएको हो । बनस्पति निवासी चेतकुमारी शारुमगर र नानी पोडे पक्षघातका कारण धेरै कष्टकर जीवनयापन गर्न बाध्य थिए । रोटरी क्लब अफ हेटौंडाका प्रतिनिधि तथा जनप्रतिनिधिसहित ह्वील चियर लिएर मगरको घरमा पुगेका थिए । ह्वील चियर देख्नेबित्तिकै मगर खुसी भइन् । उनलाई ह्वील चियरमा राखेर उनको पतिले केही समय सडकमा घुमाएका पनि थिए ।


बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
**यातायात व्यवस्था कार्यालय, हेटौंडा**
मकवानपुर, नेपाल

**यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचना**

- यातायात व्यवस्था कार्यालय, हेटौंडाको सूचनाभाडामा चल्ने सवारी साधनको प्रत्येक ६-६ महिनामा सवारीको भौतिक अवस्था परिक्षण गरी यातायात व्यवस्था कार्यालयबाट जाँचपास प्रमाण-पत्र लिने गरौं ।
- सवारी चालक अनुमतिपत्र नविकरण गर्दा यस प्रदेशवाट जारी भएको हुनुपर्नेछ वा यस प्रदेश भित्र स्थायी बसोबास गरेको प्रमाण खुल्ने कागज पेश गर्नुपर्नेछ ।
- अन्यत्र कार्यालयबाट जारी भएको सवारी चालक अनुमतिपत्र नविकरण गर्नको लागि सो को अभिलेख Online मा देखिएको हुनुपर्नेछ ।
- सवारी चालक अनुमतिपत्र तथा सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि सो जारी भएको कार्यालयबाट मात्र प्राप्त गर्न सकिन्छ ।
- भाडामा चल्ने सावरी साधनहरुले बाटो ईजाजत पत्र अनिवार्य रुपमा यातायात व्यवस्था कार्यालयहरुवाट लिने र समयमै नविकरण गर्ने गरौं । समयमा कर तिरौं, जरिवानाबाट बचौं ।






**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना